# यशोधरा गाउपालिकाको कार्यालयको

# सार्वजनिक सुनुवाई कार्यक्रमको प्रतिवेदन

२०७८/११/०८ गते

**सार्वजनिक सुनुवाई कार्यक्रमको प्रतिवेदन**

**प्रतिवेदक/व्यवस्थापक**

**नेपाल पत्रकार महासंघ कपिलवस्तु**

# सार्वजनिक सुनुवाई कार्यक्रमको प्रतिवेदन

**पेस गरेको मिति २०७८/११/०८ गते**

## परिचय :

स्थानीय निकाय अथवा सेवा प्रदायक र नागरिकहरुका बीचमा दोहोरो सम्वाद स्थापित गरी त्यस्तो सम्वादबाट जनतालाई राष्ट्रको विकास प्रक्रियामा रचनात्मक प्रतिनिधित्व गराउदै पारदर्शि माध्यमद्वारा स्थानीय निकायको विकास निर्माण कार्य, सेवा प्रवाहलाई गुणस्तरीय र प्रभावकारी बनाई जिम्मेवारी, कर्तव्य निष्ट तथा जवाफदेहीताको संस्कार बसाल्नको लागी सार्वजनिक सुनुवाई अत्यान्तै महत्वपुर्ण हुन जान्छ ।

जिल्ला वा निश्चित स्थान भित्र भएका बिकासका निमार्णकाकार्यहरु र सेवा प्रवाहलाई प्रभावकारी बनाउन तथा सेवा प्रदायक निकायलाई सेवाग्राही प्रति जवाफदेही बनाउन एंव सेवाग्राहीलाई पनि एक जिम्मेवार नागरिकको जिम्मेवारी प्रति जिम्मेवार हुन माध्यम दिने सामाजिक जवाफदेहिताको एक संयन्त्र पनि हो सार्वजनिक सुनुवाई । जसको माध्यमबाट सेवा प्रदायक र सेवाग्राही बीचको विकास कार्य वा सेवा प्रदानको अन्तर सम्बन्धलाई पारर्दशी तरिकाले बलियो बनाउन मात्र नभएर विकासको गतिलाई अगाडी लैजान समेत बल पुग्दछ । सार्वजनिक सुनुवाईले सुःशासनका मुख्य तत्वहरु पारदर्शिता र जावफदेहिता प्रवर्द्धन गर्ने जस्ता मुलभूत कुरालाई पृष्ठपोषण गर्दछ । यसै पारिपेक्षमा यशोधरा गाउपालिकले प्रवाह गरेको सेवा तथा सम्पादित कार्यक्रमहरुको प्रभावकारिता र सेवाको विद्यमान अवस्थालाई मुल्याकंन गर्न यशोधरा गाउपालिकाले सार्वजनिक सुनुवाई कार्यक्रमको आयोजना गरिएको हो ।

## महत्व :

वास्तवमा स्थानीय निकायवाट संचालित विकास कार्यक्रम उपलब्ध सेवा, सुविधा सार्वजनिक गरी त्यस्ता विषयका सम्वन्धमा सार्वजनिक थलोमा सेवाग्राही नागरिकले उठाएका प्रश्नहरुमा स्पष्टता ल्याउने र नागरिकवाट प्राप्त रचनात्मक सुझावलाई ग्रहण गर्न, हकवालाहरुमा जान्न पाउँने हकको सुनिश्चित गर्दै त्यस माथिको पहुँच बढाई उनीहरुको सशक्तिकरण गर्नुस्थानीय निकायहरुलाई जनता प्रति उत्तरदायी र जनमुखी बनाउन, भ्रष्टाचार न्युनीकरण गर्न, विकास कार्यमा जन सहभागिता बढाउन, सामुहिक निर्णयको थालनी गराउन र मानव स्रोत तथा सामाजिक पूँजी विकासगर्नको लागी सर्वजानिक सुनुवाइको महत्व बढी देखिन्छ ।

**उद्देश्य :स्थानिय निकाय खास गरी यशोधरा गाउपालिकाबाट संचालन हुने सार्वजनिक सुनुवाईको निम्न उद्देश्यहरु राखिएका छन ।**

क) यशोधरा गाउपालिकाको कार्यालयबाट प्रवाह भएका सेवाहरुलाई गुणस्तरिय रसर्वपहुँच बनाई सेवा ग्राहीको सन्तुष्टी बृद्धि गर्न ।

ख) यशोधरा गाउपालिका बाट प्रवाह हुने सेवाहरु बारे सरोकारवालानागरिकहरुलाई सचेतना अभिबृद्धि गर्न ।

ग) यशोधरा गाउपालिका को क्रियाकलापहरुको सरोकारवाला नागरिकहरुप्रति जवाफदेहिता अभिबृद्धि गर्न ।

घ) यशोधरा गाउपालिकाको कार्यालयबाट प्रवाह हुने सेवाहरुमा सरोकारवाला सेवाग्राहीहरुको सहभागितामा बृद्धि गर्नु ।

ङ) यशोधरा गाउपालिकाको कृयाकलापहरुलाई पारर्दशी बनाउन ।

च) सेवाग्राहीलाई आफ्नो हक र अधिकार प्रति सजक तथा जिम्मेवार बनाउन ।

छ) सेवा प्रदायक निकाय निकाय सेवाग्राही बिचको तनावलाई न्यूनीकरण गर्दै दुरी कम गर्न ।

**कार्य :**

- ❖ रेडियो परिवर्तन र कपिलवस्तु दर्पणबाट सूचना प्रशारण तथा प्रकाशन गरिएको ।
- ❖ कार्यक्रम संचालन एवं ब्यवस्थापनका लागी सम्बन्धित निकाय, नागरिक समाज तथा पत्रकार महासंघ समन्वय गरिएको ।
- ❖ नेपाल सरकारले जारी गरेको स्थानीय निकाय सार्वजनिक सुनुवाई कार्यबिधि २०६७ अनुसारका ढाँचामा सुचना संकलन नागरिक समाज पक्ष बाट गरिएको ।
- ❖ सुचना एकिकृत गरिएको ।
- ❖ पूर्व तयारी बैठकको लागी नागरिक प्रतिवेदन पत्र (CITIZEN REPORT CARD& Exit Poll) तयार गरिएको ।
- ❖ पूर्व तयारी बैठक सहयोगी एवं सम्बन्धित निकायसंग गरिएको ।
- ❖ सरोकारवालाहरुलाई पत्राचार सम्बन्धित कार्यालयबाट गरिएको ।
- ❖ सार्वजनिक सुनुवाई कार्यक्रम सम्बन्धित निकाय, नगर प्रमुख, वडा अध्यक्ष, सरोकारवाला निकायहरु, संचारकर्मी, समाजसेवी, बुद्धजिवी, ब्यवसायी तथा स्थानीय सरोकारवाला नगरिकहरुको सकृय सहभागितामासंचालन गरिएको ।

**कार्यक्रमको अध्यक्षता: किरणमान बज्रचार्य अध्यक्ष नेपाल पत्रकार महासंघ**

**कार्यक्रमको बारेमा जानकारी,तथा प्रतिवेदन प्रस्तुती : मनिष कार्की सदस्य नेपाल पत्रकार महासंघ**

**कार्यक्रम संचालन :** सगिंता भुषाल **सदस्य नेपाल पत्रकार महासंघ**

प्रतिवेदन अनुसुचि नं. २ र ३ मा संलग्न रहेको छ ।

**कार्यक्रम संचालन प्रकृया :**स्थानीय जनता, संचारकर्मी तथा जवाफदेही समुह गरी जम्मा तीन भागमाविभाजित भई कार्यक्रम संचालन गरिएको ।

**कार्यक्रम आयोजना स्थल** : यशोधरा गाउपालिका वडा नं. १ तितिर्खा ।

**कार्यक्रम आयोजना गरिएका मिति र समय** : ०८ फागुन २०७८ ,(११:०० देखि३:०० बजे सम्म )

**कार्यक्रम संचालन गरिएको समयावधि** (घण्टा, मिनेटमा) : ४ घण्टा

**जम्मा सहभागी : जना**

## ❖ गुनासो तथा सुझाव

### १) सिताराम रैदास वडा नं-१

यस गाउपालिकामा सार्वजनिक सुनुवाई कार्यक्रम राखिएको छ तर प्रतिवेदन बनाउदा कसरी बनाएको होला । योजना जाच पास गर्दा पैसा दिनु पर्ने हून्छ सवैलाई थाहा छ कुन हिसाव ले प्रतिवेदन तयार भयो साथै सवै तिर राम्रो संग प्रचार भएन यसलाई अझ प्रचार मुखी बनाएर जनताको विच गर्दा अझ झन प्रभावकारी हुने थियो ।

### २) अव्दुल करिम खान वडा नं -१

यस पालिकामा मा सार्वजनिक सुनुवाई स्थानिय चुनाव जिते पछि एक चोटी भएको थियो र अहिले आएर अन्तिम समयमा भएको छ । यहाँ कर्मचारीको अभाव पनि रहेको छ भने प्रतिलिपी लिन जादा ७०० रुपया तिर्नु पर्ने भएको छ र अझ बैकमा भत्ता बाडदा पैसा पनि कम पाइएको घटना हरु पनि सुन्न पाइएको छ ।

### ३) राम लखन जैसवाल

सार्वजनिक सुनुवाई यो आफै मा एउटा राम्रो पक्ष हो तर गाउपालिकाको कार्यक्रम हरु पारदर्शिता भएन । गाउ परिषदमा कुन कुन वाड बाट बुद्धिजिवी ,समाजसेवी राख्नु भयो त्यो पनि जानकारी भएन । पालिका भनेको आफ्नो कार्यकर्ता भर्ती गर्ने अखडा मात्र भएको छ । यस्तै गरी आफ्नो गाउ पालिकामा संघ संस्था हुदा हुदै पनि अरु पालिकाहरु को हरुको संघ संस्था हरु लाई सहयोग गरिएको छ । न्याय समिती सवै वडामा गठन भयो तर कसले के काम गरेको छ । पालिकामा सुचनाको लागी निवेदन दिएको थिए खै सुचना पाएको यस्तै गरी पिछडा वर्गको बजेट हरु कहा खर्च गरेका छन ।

### ४) बलिराम चौधरी

गाउ पालिका यहा बाट टाढा पर्छ समय मिलाए गाउ पालिकामा जादा पनि काम ढिला सुस्ती हुने गरेको छ ।

### ५) विरेन्द्र प्रसाद चौधरी वडा नं - १

यस सार्वजनिक सुनुवाईमा सवै वडाका सहभागी हरु समावेश भएनन । यस्तै पालिका ले जति पनि पम्पसेट वितरण गरे सवै पार्टी गत भएको छ ।

❖ **जवाफ देहिता निकाय**

**१) अनिल ओझा (सुचना अधिकारी)**

**हामीले यस पालिकामा  कसैको पनि सुचनाहरु रोक्ने गरेका छैनउ । अझ हामी हरु सुचना बनाएको छौ जुन जनता सामु पुगोस भनेर यसमा कुनै दुइ मत छैन ।**

**२) चोलाकान्त रेग्मी (इन्जिनियर )**

आजको यस सार्वजनिक सुनुवाई मा तपाईहरु बाट आएका सुझावमा याजना जाच पास लाई पैसा दिनु पर्छ भन्ने कुरा यस्तो हो भने पालिकामा उजुरी दिनुस या हामलाई खवर गर्नु तर प्रमाण हुनु पर्छ अझ तपाई ले अख्तियारमा पनि उजुरी दिन सक्नु हुन्छ ।

**३) कृण्णा पाण्डेय ( सामाजिक विकास अधिकृत )**

आज यस पालिकामा सार्वजनिक सुनुवाई कार्यक्रम तपाईहरुको लागी हो तपाईहरुको सुझाव सल्लाहको लागी यो सार्वजनिक सुनुवाई राखिएको हो । अहिले यहा पालिका भित्रको को संघ संस्थालाई सहयोग भएन पालिका बाहिरको पालिका लाई मात्र सहयोग भयो आफ्नो तरिकाले खर्च बढी गरे भन्ने कुरा आयो संघ संस्था हामी लाई सबै समान हुन  तपाइले पनि आफ्नो संघ सस्था बेलामा सुचिकृत गर्नु तपाइ लाई पनि सहयोग हुन्छ यसको लागी सुचिकृत हुन आवश्यक हुन्छ । अर्को कुरा हामीले आफ्नो मनले खर्च गर्न मिल्दैन पालिका जति बजेट विनियोजित गरेको हुन्छ त्यति नै खर्च गर्न मिल्छ त्यो भन्दा बढी खर्च गर्न पाइदैन ।

**४. शिव पुजन पासी (अध्यक्ष वडा नं १ )**

हामी यस वडामा बेरोजगारको लागी फारम दर्ता गराई १३० जनालाई रोजगार दिएका छौ यस्तै गरी कोरोना प्रभावित हरुको फारम भरी पठाएका पनि छौ ।

**५ .रेशम राज शर्मा ( अधिकृत )**

यस सार्वजनिक सुनुवाई कार्यक्रमा अव्दुल करिम खान ज्यु ले कर्मचारीको पालिकामा कर्मचारीको अभाव छ भन्नु भो कुरा सही हो । गाउ पालिकाले आफै कर्मचारी भर्ना गर्न पाउदैन त्यसको लगी माथी बाट नै कर्मचारी पठाएने गर्छन । हामीले पालिका बाट कर्मचारीको माग गरेका छौ सायद चाडै कर्मचारी अभाव पुरा हुन्छ होला ।

**६.निराजन तिवारी (कृषि विकास अधिकृत)**

यस कार्यक्रकमा कृषि सम्बन्धि जानकारी गराउदै छु । हाम्रो कृषि शाखाले धानबाली क्षतीको विवरण संकलन गरी प्रशासन लाई बुझाएको छम । आउनु पर्ने राहत अझै आएको छैन राहत आएमा यसलाई अवश्य वितरण

गरिन्छ । पम्पसेट वितरणमा पुर्वाग्राही तथा राजनितीकरण गरिएको छैन । हामीहरु ले यसको लागी समिती गठन गरी पम्पसेट वितरण गरिएको छ ।

**७. पंचगुलाम ठाकुर (समाजिक सुरक्षा पंजिकरण )**

यस कार्यक्रममा समाजिक सम्बन्धि गुनासो रहेको छ जसलाई मैले यहा प्रस्ट पार्न चाहे प्रतिलिपी बापत ७०० लिनु भनेको हामी आफै नियम लगाएर होइन यो त प्रदेश सरकारको निती नियम अुनसार नै राजस्व उठाउने गरेका छौ प्रदेश सरकारले नै प्रतिलिपीको राजस्व ५०० लिने गरेको छ र अभिलेख हेरे बापत २०० लिने गर्दछ । यस्तै बैक बाट पैसा झिक्दा कम दियो भन्ने कुरामा तपाईहरु बैक बाट पैसा प्राप्त गरे पछि त्यहि गनेर लिने गर्नु होस बैकमा पनि पैसा गनेर लिनुहोस भन्ने गर्छन ।

**८.तेज बहादुर सिह (प्रमुख प्रशासकिय अधिकृत)**

आजको यस कार्यक्रममा धेरै राम्रो सुझावहरु आएकोछ म खुसी पनि छु यहा हरु ले आफुलाई लागेको गुनासो सुझाव यहा राख्नु भयो । तपाईहरुको जिज्ञासको जवाफ पनि तपाई हरुले पाउनु भयो होला म धेरै त केहि भन्न चाहेन तर हाम्रो कर्मचारीहरुले या कुनै पनि योजनाहरुमा प्राविधिकहरुले रकम माग्छ भने तपाइले सिधा मलाई आएर भन्न सक्नुहुन्छ । अर्को कुरा तपाई हरुले तिरेको कुनै पनि रकमको राजस्व रसिद अवस्य लिनु होला ।

**९. गिरजेस पाण्डेय ( अध्यक्ष यशोधरा गाउपालिका)**

म यस कार्यक्रममा सवैलाई प्रश्न गर्न चाहन्छु आज भन्दा ५ बर्ष अगाडि हाम्रो गाउपालिका को अवस्था के थियो चाहे स्वस्थ्य होस या शिक्षाँ ,कृषि बाटो घाटो र अहिलेको अवस्था हेर्नु र आफै मुल्याकंन गर्नु यो जरुरी छ । आरोप प्रत्यारोप लगाउन सजिलो हुन्छ तर त्यसलाई बनाउन परयो भने बडो गारो हुन्छ । विगतमा कोरोना को कारण बस हामीले सार्वजनिक सुनुवाई गर्न सकिएन अहिले आएर हामीहरु सार्वजनिक सुनुवाई गरिरहेको छौ । रहयो कुरा बजेट योजनाको कुरा यो हामीले पारदर्शी हिसावले राखेको हुन्छम यसलाई तपाई हरु सवै जनाले गाउपालिकाको कितावमा कहा कुन योजनामा कति छुट्याइएको छ सवै कुरा स्पष्ट हुन्छ । र सार्वजनिक सुनुवाई को कार्यक्रम प्रचार प्रसारको लागी पत्रपत्रिका रेडियो एफ एम सवै मा प्रशारण गरेको छौ । अझ भन्ने हो भने स्वास्थ्यमा अरु पालिका भन्दा हाम्रो पालिका धेरै अगाडि रहेको छ । यस पालिका मा अरु पालिका भन्दा धेरै औषधी हरु निशुल्क पाइने गरेको छ ।

**निशकर्ष :**

सेवा प्रदायक निकायहरुबाट संचालित विकास कार्यक्रम उपलब्ध सेवा, सुविधा सार्वजनिक गरी त्यस्ता विषयका सम्वन्धमा सार्वजनिक थलोमा सेवाग्राही नागरिकले उठाएका प्रश्नहरुमा स्पष्टता ल्याउने र नागरिकवाट प्राप्त रचनात्मक सुझावलाई ग्रहण गर्न, हकवालाहरुमा जान्न पाउँने हकको सुनिश्चित गर्दै त्यस माथिको पहुँच बढाई उनीहरुको सशक्तिकरण गर्नु स्थानीय निकायहरुलाई जनता प्रति उत्तरदायी र जनमुखी बनाउन, भ्रष्टाचार न्युनीकरण गर्न, विकास कार्यमा जन सहभागिता बढाउन, सामुहिक निर्णयको थालनी गराउन र मानव स्रोत तथा सामाजिक पूँजी विकास गर्नको लागी आयोजना गरिएको सर्वजानिक सुनुवाइमा स्थानिय तहले गरेका कार्यसम्पादन लगायतका विषयमा धेरै सुझाव र गुनासाहरु आएका थिए ।


सार्वजनिक सुनुवाई
मिति:- २०७८ फाल्गुन ८ गते
स्थान:- यशोधरा गाउँपालिका वडा नं. १ तिर्तिखा
सहयोग
यशोधरा गाउँपालिका
आयोजक
नेपाल पत्रकार महासंघ
कपिलवस्तु
GLOBAL WARMING!


सार्वजनिक सुनुवाई
मिति:- २०७८ फाल्गुन ८ गते
स्थान:- यशोधरा गाउँपालिका वडा नं. १ तिर्तिखा
सहयोग
यशोधरा गाउँपालिका
आयोजक
नेपाल पत्रकार महासंघ
कपिलवस्तु
GLOBAL WARMING!


धरती पानी हावा राखौं साफ
होइन भने आउने पिढी
गर्दैन माफ ।

